ककनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# रोजगार सेवा केन्द्र

रानीपौवा,नुवाकोट
बागमती प्रदेश
२०७३

प.सं.२०७७।०७८ मिति :२०७७।११।०४

च.नं.

## आ.व. २०७८ / ७ ९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धि सूचना !

सूचना ! सूचना ! सूचना !

रोजगारीको हकसम्बन्धी ऐन २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५( पहिलो संशोधन , २०७७ सहित ) बमोजिम आथीक वर्ष २०७८७ ९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने इच्छुक १८-५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिले आफु स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यालयमा मिति २०७७ फागुन महिना भित्रमा बरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धीत बड़ा कार्यालय , रोजगार सेवा केन्द्र , ककनी गाउँपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुर्याउने भएकोले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ , साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रूपमा भर्नुहुन अनुरोध गरिन्छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः-**

१) निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२) निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो ।
३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम , नाता , जन्म मिति , नागरिकता न . , जारी मिति तथा जिल्ला ।
४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता , सिप , दक्षता तथा रोजगारीको अवस्था । स्वदेश विदेश स्वरोजगार ।
५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपिः ना प्र . पत्र अन्यत्रवाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६) कुल वार्षिक पारिवारिक आय , परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष , अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी लिएको नलिएको विवरण ।
७) यदी निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण ।

देश..............................पासपोर्ट नं.........................................................

विदेशमा गरेको कामसंग सम्बन्धित सीप

८) निवेदनमा उल्लेखीत सम्पुर्ण विवरण अनिवाय रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ।

**थप जानकारीको लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द्र ककानीमा सम्पर्क गर्न सकिने छ ।**